REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 09.10.2024

<u>सिएम गर्ल चाल्ड</u>

राज्यको महिला तथा बाल विकास विभागको तत्वावधानमा गान्तोकको चिन्तन भवनमा आज अन्तर्राष्ट्रिय बालिका दिवस समारोह आयोजन गरियो।

समारोहलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै मुख्यमन्त्री श्री प्रेमसिंह तामङले विभिन्न पहल र शैक्षिक कार्यक्रमहरूद्वारा, लिङ्गिक समानतालाई प्रोत्साहित गर्ने दिशातर्फ सिक्किम राज्यले गरेका कार्यहरूको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो बालिका तथा किशोरीहरू तथा महिलाहरूलाई सशक्त बनाउने उद्देश्यले आमा सशक्तिकरण योजना र बहिनी योजना जस्ता परिवर्तनमूलक कार्यक्रमहरू शुरू गरिएको छ।

उहाँले भन्नुभयो आमा सशक्तिकरण योजनामा आमाहरूलाई धनराशि उपलब्ध गराइन्छ भने बहिनी योजनामा बालिकाहरूको कल्याण र विकासमाथि ध्यान दिइन्छ।

मुख्यमन्त्रीले भन्नुभयो प्रशिक्षण तथा कौशल विकास गर्ने अनि महत्वपूर्ण क्षेत्रहरूमा महिला तथा युवाहरूलाई रोजगारका अवसरहरू जुटाउने सिक्किमको प्रयासलाई टेवा दिन विश्व ब्याङ्कले एउटा नयाँ परियोजना शुरू गरेको छ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले बाइस जनवरी 2024 मा शुरू गर्नुभएको बेटी बचाओ बेटी पढ़ाओ योजनाबारे प्रकाश पार्दै श्री तामङले भन्नुभयो यस पहलको उद्देश्य बालिकाहरूलाई न्याय सुनिश्चित गर्नु भेदभावरहित समाजका लागि मार्ग खुल्ला गर्नु हो। मुख्यमन्त्रीले महिलाहरूको स्वास्थ्य र आर्थिक स्वतन्त्रताका लागि गरिएका पहलहरूबारे पनि जानकारी दिनुभयो।

आफ्नो वक्तव्यमा विधायक तथा समाज कल्याण विभागकी सल्लाहकार श्रीमती पामिन लेप्चाले बालिकाहरूमा समाजलाई परिवर्तन गर्ने शक्ति रहेको बताउनु भयो।

कार्यक्रमलाई विभागकी सचिव श्रिमती नर्मित लेप्चाले पनि सम्वोधन गर्नुभयो।

यस अवसरमा बेटी बचाओ बेटी पढाओ योजनामा अगणी जिल्लाको रूपमा पुनः मंगन जिल्लालाई अभिनन्दन गरियो।

यसवाहेक बालिकाहरूलाई सशक्त बनाउने सुकन्या समद्धि योजना र सार्वजनिक भविष्य निधि कार्यक्रम अन्तर्गत तीन तीन जना विद्यार्थीहरूलाई अभिनन्दन गरियो।

सांस्कृतिक नृत्य प्रस्तुती समारोहको अर्को आकर्षण थियो।

कार्यक्रममा अन्य वाहेक मन्त्रीहरू श्री सोनाम लामा, श्री पूरण कुमार गुरूङ र श्री नरबहादुर दाहालको पनि उपस्थिती थियो।

स्मरण रहोस् अन्तर्राष्ट्रिय बालिका दिवस प्रत्येक वर्ष एघार अक्तुवरमा मनाइछ।
लैंगिक समानता र वालिकाहरूको दैनिक जीवनमा देखा पर्ने समस्याहरूबारे जागरूकता फैलाउने उद्देश्यले यो दिवस पालन गरिन्छ।

## एन एल एम

केन्द्रीय ग्रामीण विकास मन्त्रालयको राष्ट्र स्तरीय देखरेख टोली र पाकिम का जिल्ला अधिकृतहरूबीच एउटा बैठक पाकिममा आज बस्यो।
जिल्लामा ग्रामीण विकास र पञ्चायती राज मन्त्रालय अन्तर्गत केन्द्र सरकारका कार्यक्रमहरूको कार्यान्वनको देखरेख तथा जाँच गर्ने उदेश्यले राष्ट्र स्तरीय निगरानी टोली जायको भ्रमणमा आएको छ।
अतिरिक्त जिल्लाधीश विकास श्री रबिन सेवाले अध्यक्षता गर्नुभएको बैठकमा महात्मा गान्धी नरेगा, दीनदयाल अन्त्योदय योजना राष्ट्रिय ग्रामीण आजीविका मिशन, प्रधानमन्त्री आवास योजना ग्रामीण, राष्ट्रिय सामाजिक सहायता कार्यक्रम प्रधानमन्त्री ग्राम सड़क योजना र प्रधानमन्त्री कृषि सिंचाई योजना जस्ता कैयौं ध्वजवाहक कार्यक्रमहरूको कार्यान्वियनको प्रगति र स्थितिको समीक्षा गरियो।
केन्द्रीय टीमका अधिकृतहरूलाई जिल्लाका उपलब्दइ र सामना गर्नुपरेका चुनौतीहरूबारे पनि अवगत गराइयो।
पछि उनीहरूले पाचे साम्सिङको भ्रमण गरे।
टोलीले जिल्लाका दसवटा ग्रामपञ्चायतहरूको भ्रमण गरी योजनाहरूको समीक्षा गर्नका साथै चुनौतिहरू समाधान गर्नेछ।

## ट्रेनिङ प्रोग्राम

राज्यको वाणिज्य तथा उद्योग विभाग र सरकारी फल संरक्षण कारखाना सिङतामद्वारा खाद्य प्रसंस्करण कल्सटरमाथि सिङताममा आयोजित दस दिने लामो प्रशिक्षण आज सम्पन्न भयो।
केन्द्रीय सूक्ष्म लघु तथा मध्यम उद्यम मन्त्रालयको प्रदर्शन र गति बढाउने आरएएमपी योजना अन्तर्गत यसको आयोजना गरिएको थियो।
आफ्नो वक्तव्यमा समापन समारोहका मुख्य अतिथि सूक्ष्म, लघु तथा सध्यम उद्यम एमएसमिई का निदेशक श्री रवि कुमारले विशेष गरी उद्यमीहरूका लागि आयोजित प्रशिक्षण कार्यक्रमको महत्वबारे प्रकाश पार्नुभयो।
उहाँले सबै सहभागीहरूसित वर्तमानको डिजिटल युगमा आफ्ना उत्पादहरूको बिक्रीका लागि डिजिटल प्लेफर्मको उपभोग गर्ने आग्रह गर्नुभएको छ।
प्रशिक्षणमा बीसजना उद्यमीहरूले भाग लिए।

प्रेसिडेन्ट ए आइआइए

राष्ट्रपति श्रमती द्रौपदी मुर्मुले सारा देशमा पारम्परिक औषधीहरूको उपलब्धता बढ़ाउनका लागि आयुर्वेद क्षेत्रमा उद्यमहरूको स्थापनाप्रति युवाहरूलाई प्रोत्साहित गर्नुपर्ने आवश्यकतामाथइ जोड़ दिनुभएको छ।

नयाँ दिल्लीमा आज अखिल भारतीय आयुर्वेद संस्थानको आठौं सथापना दिवस समारोहको उद्घाटन अवसरमा बोल्दै उहाँले भन्नुभयो आयुर्वेद सदैव मानिसहरूका जीवनको अभिन्न अंग रहेको छ।

श्रीमती मुर्मुले भन्नुभयो पछिल्ला केही वर्षहरूमा आयुर्वेदिक कालेजहरूमा भर्ना लिने छात्रहरूको संख्या बृद्धि भएको छ।

उहाँले विश्वास व्यक्त गर्दै भन्नुभयो आँउदा दिनहरूमा आयुर्वेदिक चिकित्सकहरूको संख्या उल्लेखनीय वृद्धि हुनेछ।

यस अवसरमा राष्ट्रपतिले शाश्वत आयुष प्रदर्शनी र आयुष औषधि केन्द्रको उद्घाटन गर्नुभयो।

यो प्रदर्शनी प्रकृति पर्यावरण र फोहोर प्रबन्धनमाथइ केन्द्रित छ।